भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

निर्णय प्रमाणित
२०८०/१/२६

बखतबहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत

**मिति २०८०/०१/२९ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकमा पेश भएका प्रस्तावहरु:**

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति /शाखा |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | |
| २. | सेवा प्रवाह सम्बन्धमा | गाउँ कार्यपालिका अन्तर्गतका निकाय तथा कार्यालयहरुबाट सम्पादन भएका क्रियाकलाप र सेवा प्रवाहको समिक्षा गर्ने । | |
| ३. | मासिक प्रगति समिक्षा सम्बन्धमा । | चालु आ.व. २०७९/०८० को चौथो त्रैमासिक अन्तर्गत बैशाख महिनासम्म भएको प्रगति समिक्षा गर्ने । | |
| ४. | आगामी आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा । | आगामी आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा । | |
| ५. | कट्टी स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा । | कर्णाली प्रदेश सरकार विशेष अनुदानबाट स्वीकृत कट्टी स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धी छलफल तथा निर्णय गर्ने । | |
| ६. | भगवतीमाई अस्पताल सञ्चालन कार्यविधि २०७९ स्वीकृत सम्बन्धमा । | भगवतीमाई अस्पताल सञ्चालन कार्यविधि, २०७९ छलफल तथा स्वीकृत गर्ने । | |
| ७. | नेपाल सरकार विशेष अनुदान रकम सम्बन्धमा । | नेपाल सरकारबाट चालु आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार विशेष अनुदान तर्फका आयोजनाको दोस्रो स्किमको लागि भएको ठेक्का रकम खर्चको अनुमतिको लागि अर्थ मन्त्रालयमा सिफारिसको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने । | |
| ८. | "एक पालिका एक उत्पादन कार्यक्रम" सम्बन्धमा । | कृषि विकास कार्यालय दैलेख र यस गाउँपालिकाको लागत सहभागितामा कार्यान्वयन हुने "एक पालिका एक उत्पादन कार्यक्रम" सम्बन्धमा छलफल गर्ने । | |

**मिति २०८०/०१/२९ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकबाट भएका निर्णयहरु:**

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र प्रभावकारी रुपमा कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. यस गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय आधारभूत अस्पताल तथा स्वास्थ्य संस्था र विद्यालयबाट सञ्चालन भएका क्रियाकलापहरु र सेवा प्रवाह सम्बन्धमा छलफल तथा समिक्षा गरियो । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको त्रैमासिक तलव भुक्तानी पेश गर्दा वडा अध्यक्षको अनिवार्य सिफारिस गर्ने/गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गरियो ।

३. चालु आ.व. २०७९/०८० को चौथो त्रैमासिक अन्तर्गत बैशाख महिनासम्म भएको प्रगति समिक्षा गरियो। कार्यान्वन तथा भुक्तानी हुन बाँकी योजना तथा कार्यक्रम यथाशिघ्र कार्यान्वयन गरि समयमा नै भुक्तानी व्यवस्था गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

४. आगामी आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया सुचारु गर्न विषयगत समिति वडा कार्यालय र विषयगत शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

५. कर्णाली प्रदेश सरकार विशेष अनुदानबाट स्वीकृत कट्टी स्वास्थ्य चौकी भवन निर्माण थप छलफल गर्नुपर्ने भएकोले अर्को बैठकमा निर्णय गर्ने ।

६. भगवतीमाई अस्पताल सञ्चालन कार्यविधि २०७९ छलफल तथा स्वीकृत गर्ने निर्णय गरियो ।

७. यस गाउँपालिकाको लागि आ.व. २०७९/०८० मा नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान मागको लागि निम्न खानेपानी तथा सरसफाई आयोजनाहरु प्रस्ताव गरिएकोमा चालु आ.व. २०७९/०८० मा आयोजनाको लागत अनुमान भन्दा कम बजेट स्वीकृत भएकोले आयोजनामा समावेश गरिएका सबै घरधुरीहरुलाई खानेपानी धारा पुर्याउन थप बजेट आवश्यक भई आ.व. २०८०/०८१ मा प्राप्त हुने विशेष अनुदानका लागि समेत उक्त आयोजनाहरु नै प्रस्ताव गरिएको हुँदा चालु आ.व. मा ठेक्का भई बचत हुने रकमबाट थप कार्य गराउनको लागि दोस्रो स्किमको बोलपत्र आह्वान गरी निर्माण कार्य सञ्चालन गरिएको हुँदा विशेष अनुदान तर्फको रकम खर्च गर्नको लागि अर्थ मन्त्रालयको सहमति उपलब्धको लागि सिफारिस गरिदिन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र. सं. | आयोजनाको नाम | कुल लागत | चालु आ.व. मा स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | सहडे जुकेपानी पहरापानी मन्घर खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ४ | २६,६९५,१५९.१६ | १०,०००,०००.०० | |
| २. | साईमेला पुग्या रातामाटा खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ३ | १८,८६४,५३८.७० | ७,०००,०००.०० | |
| ३. | मुलपानी अडेरीपाल्त खानेपानी तथा सरसफाई आयोजना, वडा नं. ७ | १५,०७०,८७९.०१ | १०,०००,०००.०० | |

८. कृषि विकास कार्यालय दैलेख र यस गाउँपालिकाको लागत सहभागितामा कार्यान्वयन हुने "एक पालिका एक उत्पादन कार्यक्रम" यस गाउँ कार्यपालिकाको ८ औं बैठकबाट वडा नं. १ स्थित बेस्तडामा कार्यान्वयन गर्ने भनिएकोमा कृषक समूहबाट लागत साझेदारी गर्न नसकिने व्यहोरा जानकारी प्राप्त भएकोले सो कार्यक्रम वडा नं. १ स्थित हुलाकटुकरामा कार्यानवयन गर्ने र उक्त कार्यक्रममा साझेदारी गर्नुपर्ने रकम मध्ये रु. ६ लाख सम्बन्धित कृषक समूह गर्ने र ४ लाख गाउँपालिकेले आन्तरिक श्रोत अन्तर्गत कृषि तथा पशुसेवा कार्यक्रममा साझेदारी कार्यक्रमबाट गर्ने ।

**गाउँ कार्यपालिकामा बैठकमा राखिएको फरक अभिमत:**

| क्र.सं. | पदाधिकारीको नाम | पद | निर्णय नं. | फरक मतको अभिलेख | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | × | × | × | × | × |
| २. | × | × | × | × | × |
| ३. | × | × | × | × | × |

भगवतीमाई गाउँपालिका　　गाउँ कार्यपालिका बैठक: १२-२०७९/०८०　　मिति: २०८०/०१/२९ गते